स्थानीय सरकार
Local Government
राजपुर नगरपालिका
Rajpur Municipality
# नगर कार्यपालिकाको कार्यालय
Office of The Municipal Executive
राजपुर, रौतहट
Rajpur, Rautahat
मधेश प्रदेश, नेपाल
Madhesh Pradesh, Nepal
E-mail : ito.rajpurmunrautahat@gmail.com
ito@rajpurautahat.gov.np
www.rajpurmunrautahat.gov.np

पत्र संख्या :- २०८१/०८२
चलानी नं.:-

मिति :- २०८२/०२/०८

## आन्तरिक आय ठेक्का सम्बन्धि शिलबन्दी बोलपत्र आह्वानको सूचना ।

**(प्रथम पटक प्रकाशित मिति : २०८२/०२/०९)**

सार्वजनिक खरिद ऐन २०६३, नियमावली २०६४ अनुसार विभिन्न आय ठेक्काहरु बन्दोवस्त गर्नुपर्ने भएकोले तपसिलमा उल्लेखित ठेक्का विवरण शर्तहरुको अधिनमा रही इच्छुक नेपाली नागरिक, फर्म र ठेक्केदारले नागरिकताको प्रतिलिपि संलग्न राखी बोलपत्र खरिद गर्न पेश गर्नुपर्नेछ र निज वा निजको प्रतिनिधिहरुले यस कार्यालय समयभित्र रीतपूर्वक निवेदन दिई यस कार्यालयबाट बोलपत्र फारम खरिद गर्न सकिनेछ । तपसिलमा उल्लेख भए अनुसारको ठेक्काको लागि तपसिल बमोजिमको बोलपत्र दस्तुर यस नगरपालिकामा जम्मा गरी सो को नगदी रसिद (पछि फिर्ता नहुने गरी) पेश गरी रीतपूर्वकको गोप्य शिलबन्दी बोलपत्र पेश गर्न सम्बन्धित सबैको जानकारीको लागि ३० (तीस) दिने सूचना प्रकाशन गरिएको छ ।

### तपसिल

| ठेक्का नं. | ठेक्का विवरण | उठाउनु पर्ने क्षेत्र | न्युनत्तम कबोल अंक (मु.अ.कर सहित) | बोलपत्र फारम दस्तुर | धरौटी रकम |
|---|---|---|---|---|---|
| *RajpurMun/05/081/082* | राजपुर फरहदवाको पानीटंकी पशु चौपाया (कुडिया वजार) को विटौरी करको ठेक्का | सोही क्षेत्रमा | १,५३,००,०००।- | ३,०००।- | बोल अंक को ५% |

***शर्त तथा बन्देज***

- ✓ यो ठेक्का २०८२ श्रावण १ गतेदेखि २०८५ असाढ मसान्त सम्म (३ वर्षको लागि) मात्र हुनेछ ।
- ✓ ठेक्काको लागि बोलपत्र फारम यो सूचना प्रकाशित भएको मितिले ३० (तीस) औं दिनसम्म राजपुर न.पा.बाट खरिद गर्न सकिनेछ र यसरी खरिद भएका बोलपत्र ३१ औं दिन दिनको १२:०० वजेसम्म राजपुर न.पा., रौतहटमा शिलबन्दी दर्ता गर्न सकिनेछ ।
- ✓ बोलपत्र फारम खरिद एवंम् दर्ता गर्ने अन्तिम दिन विदा पर्न गएमा कार्यालय खुलेको दिनलाई क्रमश: अन्तिम दिन मानिनेछ ।
- ✓ शिलबन्दी बोलपत्र दाखिला गर्दा कुनै किसिमको शर्त मान्य हुने छैन् । बोलपत्र दाताले कबोल गरेको रकमको अंक र अक्षरमा स्पष्ट लेख्नुपर्ने छ । अंक र अक्षरमा फरक परेमा अक्षरमा लेखेकोलाई मान्यता दिईनेछ ।

बेजु ठाकुर
प्रमुख प्रशासकिय अधिकृत

स्थानीय सरकार
Local Government
राजपुर नगरपालिका
Rajpur Municipality
नगर कार्यपालिकाको कार्यालय
Office of The Municipal Executive
राजपुर, रौतहट
Rajpur, Rautahat
मधेश प्रदेश, नेपाल
Madhesh Province, Nepal
E-mail : ito.rajpurmunrautahat@gmail.com
ito@rajpurautahat.gov.np
www.rajpurmunrautahat.gov.np

पत्र संख्या :- २०८१/०८२
चलानी नं.:-

- ✓ दर्ता भएका शिलवन्दी वोलपत्र सोही दिनको २:०० बजे यस कार्यालयमा सम्वन्धित कार्यालयका प्रतिनिधिहरु र वोलपत्र दाताका प्रतिनिधिहरुको रोहबरमा खोलिनेछ । साथै वोलपत्र खोल्ने समयमा वोलपत्र दाताको प्रतिनिधि उपस्थित नभएमा पनि बोलपत्र खोल्न बाधा पर्ने छैन् ।
- ✓ वोलपत्र दाताले वोलपत्र दर्ता गर्दा आफूले कबोल गरेको अंकको ५% ले हुन आउने रकम यस कार्यालयको नाउँमा रहेको नेपाल एस.बि.आई.वैंक राजपुर स्थित खाता नं.४३६२५२४०६००००४ धरौटी खातामा जम्मा गरेको सक्कलै वैंक भौचर पेश गर्नुपर्नेछ ।
- ✓ वोलपत्र स्वीकृत भई सकेपछि सकार गरेको कुल रकमको हकमा तीन किस्तामा रकम बुझाउनु पर्नेछ । पहिला किस्ता बुझाए पछि सम्झौता गरिनेछ । आ.व.२०८३/०८४ मा दोस्रो किस्ता र आ.व.२०८४/०८५ मा तेस्रो किस्ता बुझाउनु पर्नेछ । बोलपत्र दाताले बुझाउनुपर्ने रकम एकमुष्ठ पनि बुझाउन सक्नेछ । सरकार भएको कुल रकम एकमुष्ट बुझाएमा १०% छुट हुनेछ ।
- ✓ प्रचलित कानुन अनुसार ठेक्का वापत लाग्ने सम्पूर्ण कर दस्तुर ठेक्केदार स्वयमले व्यहोर्नु पर्नेछ ।
- ✓ वोलपत्र फारम स्वीकृत गर्ने वा नगर्ने सर्वाधिकार यस कार्यालयमा निहित रहनेछ । ठेक्का स्वीकृत भई सकेपछि मानव सृजित वन्द, हडताल, चक्का जाम जस्ता अवस्थाले कुनै किसिमको माफि मिन्हा दिइने छैन् ।
- ✓ ठेक्का स्वीकृत भएको मितिले ७ (सात) दिनभित्र नियमानुसार बुझाउनु पर्ने रकम बुझाई सम्झौता गरि चलन पुर्जी लिई सक्नु पर्नेछ । अन्यथा ठेक्का रद्द गरि प्रचलित नियमानुसार हुनेछ ।
- ✓ ठेक्का चलन गर्दा यस कार्यालयले तोके बमोजिम ढाँचाको रसिद ठेक्केदार आफैले छपाई कार्यालयवाट प्रमाणित गराई प्रयोग गर्नु पर्नेछ ।
- ✓ ठेक्का सम्वन्धि कार्यालय तथा ठेक्केदार बिच कुनै विवाद उत्पन्न भएमा राजपुर नगरपालिकाको निर्णय अनुसार हुनेछ साथै यस नगरपालिकाले वेला बेलामा आवश्यक निर्देशन दिन सक्नेछ र उक्त निर्देशन पालना गर्न सम्वन्धित ठेक्केदारको कर्तव्य हुनेछ ।
- ✓ यसमा उल्लेख नभएको व्यहोराको हकमा सार्वजनिक खरिद ऐन २०६३, नियमावली २०६४ का साथै अन्य प्रचलित ऐन नियम अनुसार हुनेछ ।

..........................................
(वैजु ठाकुर)
नि.प्रमुख प्रशासकीय अधिकृत

बैजु ठाकुर
प्रमुख प्रशासकिय अधिकृत



CamScanner